# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं
## आ.व. ०७४/७५ को लागि ढुङ्गा, गिटी, ग्राभेल, बालुवा, माटो लगायतको कर तथा दस्तुर संकलनको ठेक्का सम्वन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना
### प्रथम पटक प्रकाशित मिति : २०७४/०२/२६

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ अनुसार यस जिल्ला समन्वय समितिवाट आ.व.२०७४/०७५ को लागि देहाय वमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले जिल्ला समन्वय समितिवाट तोकिएको दररेटमा काठमाडौं जिल्ला भित्र संकलन भई आन्तरिक खपत वा अन्य जिल्ला निकासी, पैठारीका लागि ढुङगा, गिटी, वालुवा, ग्रावेल, माटो (पशुपती क्षेत्र विकास कोषको क्षेत्र बाहेक) लिई गुड्ने सवारी साधानहरुसंग जिल्ला समन्वय समितिले तोकेको शर्तहरुको अधिनमा रही कर, दस्तुर, शुल्क संकलन गर्नको लागि ठेक्का लिन ईच्छुक (मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७३/०७४ सम्मको फर्म नवीकरण, आ.व. २०७२/०७३ को आयकर चुक्ता प्रमाणपत्र भएका) फर्म, कम्पनी वा व्यक्तिवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको क्षेत्र भित्रको लागि वोलपत्र खरिद गरी पेश गर्न वा www.bolpatra.gov.np मार्फत वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| समुह | कर तथा दस्तुर संकलन गर्ने क्षेत्र | न्युनतम ठेक्का मूल्य रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| (क) पूर्व क्षेत्र | शंखरापुर, कागेश्वरी मनहरा र गोकर्णेश्वर न.पा. | ४,७६,००,०००।- | ३,००० | मू.अ.कर बाहेक |
| (ख) उत्तर पश्चिम क्षेत्र | बुढानिलकण्ठ, तारकेश्वर र टोखा न.पा. | २,५६,८०,०००।- | ३,००० | मू.अ.कर बाहेक |
| (ग) पश्चिम दक्षिण क्षेत्र | नागार्जुन, चन्द्रागिरी र दक्षिणकाली न.पा. | १,७०,२२,५००।- | ३,००० | मू.अ.कर बाहेक |

**शर्तहरु :**

१. बोलपत्र फाराम साथ धरौटी वापत कवोल अंकको पाँच प्रतिशतले हुने जमानत वापतको रकम यस कार्यालयको नेपाल राष्ट्र वैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०४७०५००१०३०५२४ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विडवण्ड) पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फाराम खरिद एवं दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिनेछ ।
३. प्राप्त हुन आएका वोलपत्र दर्ता गर्ने म्याद सकिएको दिन प्रस्तावदाताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै वाधा हुने छैन ।
४. नेपाल सरकारको प्रचलित कानून वमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धी कर तथा शुल्कहरु प्रस्तावक स्वयम्ले तिर्नुपर्नेछ । कार्यालयमा वुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत वुझाईसकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।
५. बालुवा, माटो, ढुङ्गा, ग्राभेलको कर तथा दस्तुर संकलनको लागि निम्नानुसारको दररेट निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | कर तथा दस्तुरको दर |
|---|---|---|
| (क) | स्विकृत प्राप्त खानीबाट निकासी हुने बालुवा (वासिङ्ग र वर्षा याममा नदीले थुपारेको बाहेक) | प्रति क्यू फिट रु. ३ |
| | बालुवा (वासिङ्ग उद्योगबाट निकासी भएको) | प्रति क्यू फिट रु. २ |
| | बालुवा (वर्षायाममा थुप्रिएको) | प्रति क्यू फिट रु. १० |
| (ख) | ढुङ्गा (खानी क्षेत्र) | प्रति क्यू फिट रु. ३ |
| (ग) | माटो | प्रति क्यू फिट रु १ |

६. आ.व. ०७४/७५ को कर संकलन मिति सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।
७. कुल कवोल अकंलाई २ किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कुल कवोल अकंको ५० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै वुझाउनुपर्नेछ र वाँकी ५० प्रतिशत रकम २०७४ पौष मसान्त भित्र वुझाउनुपर्नेछ । कूल कवोल अंकको एकमुष्ट रकम अग्रिम वुझाएमा कवोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।
८. प्रथम किस्ता वुझाएपछि हुन आउने वाँकी रकमको २०७५ श्रावण मसान्तसम्म म्याद भएको र नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको कार्य सम्पादन बैंक ग्यारेण्टी (परफरमेन्स वन्ड) पेश गर्नुपर्नेछ ।
९. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात् कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने आसयको सुचना प्रकाशित भए पश्चात् निर्धारित समयभित्र कार्यालयमा सम्झौता गरीसक्नुपर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत हुनेछ ।
११. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्काको नाम र जिल्ला समन्वय समितिको कार्यालय काठमाडौं भनि प्रष्ट बुझ्ने गरी लेख्नु पर्नेछ र वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
१२. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।
१३. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१४. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
१५. विषेश अवस्थामा सुचनामा उल्लेखित सर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१६. यस सम्वन्धी विस्तृत जानकारी जिल्ला समन्वय समितिको कार्यालय, बबरमहल, काठमाडौं र www.ddcktm.gov.np वाट प्राप्त गर्न सकिनेछ ।

स्थानीय विकास अधिकारी

*(मिति २०७४ जेठ २६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित)*